निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/०७/२९

## उम्मेदवारको नामावली प्रकाशन सम्बन्धमा ।

काठमाडौं, कार्तिक २९ ।

संवत् २०७६ साल मङ्सिर १४ गते सम्पन्न हुने उपनिर्वाचन सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट स्वीकृत भएको कार्यतालिका अनुसार ३५ जिल्लाका ४४ स्थानीय तहमा विभिन्न ४८ पदको लागि उम्मेदवारको मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गर्ने तथा नामावली प्रकाशन गर्ने कार्यक्रम आज मिति २०७६ साल कार्तिक २९ गते (बिहान ११:०० बजेदेखि दिउसो ५:०० बजेसम्म) सम्पन्न भएको छ ।

उक्त कार्यक्रम अनुसार कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं. १० को वडा अध्यक्ष पदमा नेपाली काँग्रेसका उम्मेदवार देवराज भारती र पाँचथर जिल्ला, फिदिम नगरपालिका वडा नं. १ को वडा अध्यक्ष पदमा राष्ट्रिय प्रजातन्त्र पार्टी (लोकतान्त्रिक) का उम्मेदवार जानुका थाम्सुहाङ्गको विरोधमा परेको उजुरीको सम्बन्धमा मुख्य निर्वाचन अधिकृतको कार्यालय कपिलवस्तु र पाँचथरले मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गर्दा प्रचलित निर्वाचन सम्बन्धी ऐन, नियम, कानून र निर्देशिका बमोजिम मनोनयन पत्र बदर हुने अवस्था नदेखिएको भनि निजहरुको मनोनयन पत्र सदर गरेको छ ।

उपनिर्वाचन, २०७६ सम्पन्न गर्न स्वीकृत कार्यतालिका अनुसारका गतिविधिहरु सहज, सरल, शान्तिपूर्ण एवं हर्षोल्लासमय वातावरणमा सम्पन्न भैरहेको र यस कार्यमा निर्वाचन आयोग सम्बद्ध सबै सरोकारवाला निकायसँग निरन्तर सहयोगको अपेक्षा समेत गर्दछ ।

०७६।७।२९

**(राजकुमार श्रेष्ठ)**
सहसचिव एवं प्रवक्ता